सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर
आवरण पृष्ठ: प्रति सेमि कोलम ५००/
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/
नोट: रु १०,०००/- भन्दा माथिको विज्ञापनमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१५, ▶▶ अंक ३७२ साउन १५ शुक्रबार,२०७८, July–30 Friday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

गाईघाट बजारमा अटो, सिटि गाडीको लर्को

❖ बेद कुमारी राई

गाईघाट, साउन १४

अहिले पछिल्लो समय उदयपुर जिल्ला सदरमुकाम गाईघाटमा अटो तथा सिटी सफारी गाडीको लर्को लागेको छ । २०७६ सालमा स्थापना भएको गाईघाट सिटी स्टार यातायात प्रालिका अध्यक्ष ईश्वर आले मगर,उपाध्यक्ष दिलकुमार विश्वकर्मा र सचिव लक्ष्य बहादुर मगरहरुले चलाएको प्रालिमा ९४ वटा अटो गाडी दर्तामा छन् । त्यस्तै जय प्रसाद आचार्य अध्यक्ष रहेको सिटि सवारी यातायात प्रालिमा ७० वटा अटो गाडी दर्तामा छन् भने अर्को त्रियुगा सिटी यातायात प्रालीमा ७ वटा सिटि तथा अटो गाडी दर्तामा छन् ।

इश्वर पहिले २०७३ सालमा दर्ता भएको त्रियुगा यातायात प्रालिमा दर्ता भएको अटो चलाउँथे। त्रियुगा यातायात प्रालिमा विभिन्न समस्या भएको कारण उनिहरु आफै व्यवसायीहरु मिलेर मजदुरको हितको लागि २०७६ साल भदौ २१ गत्ते शनिवारको दिन सचिव उपाध्यक्ष सहित काठमान्डौं गएर सिटि स्टार यातायात प्राली दर्ता गराएर आएका संस्था चलाईरहेका छन् ।

अध्यक्ष इश्वर मगरले विदेशमा काम गरेर कमाएको पैसाले लगानी गरेर आफैले अटो किनेका हुन्। उनले सुरुमा अटो लिदा २ लाख ३० हजार नगद तिरेर अटो निकालेका थिए । अटो चलाउनको लागि विलबुक, लाईसेन्स जस्ता विभिन्न कुराहरु चाहिने भएकाले लाइसेन्सको आवश्यकतामा यातायातले दिएको सुचना अनुसार यस संस्थाले नगरपालिकालाई दैनिक २० रुपैया बुझाउँछन । अध्यक्षले अटो पेट्रोल,विद्युतबाट पनि चल्न सक्ने बताए। पेट्रोल प्रयोग गरेर चलाएको अटोले कालोपत्रे बाटोमा प्रति लिटर पेट्रोलले २५ देखि २८ किलोमिटर सम्म कुद्न सक्छ । यातायातले दिएको रुडअनुसार अरु जिल्लासम्म पुर्याउन मिलेपनि अहिलेसम्म उदयपुर भरिनै सिमीत भएर चलाउनुपरेको सचिब लक्ष्य बहादुर मगरले बताए ।

त्रियुगा सिटी यातायात प्रा. लि.

सिटी स्टार यातायात प्रा.लि.

अटो चलाएर देबिका खुशी

❖ मनिताकुमारी राई

त्रियुगा, साउन १४

त्रियुगा नगरपालिका ११ गाईघाट उदयपुरकी देबिका सार्कीले अटो चलाउन सुरु गरेको ५ वर्ष भयो ।अटो चलाउन सुरु गर्नु अघिसम्म साइकल चलाउन समेत उनलाई आउँदैनथियो ।

विगत ५ बर्षदेखि देबिका अटोसँग आफ्नो दैनिक आवश्यकतालाई पुरा गर्दैछिन् । गाईघाटमा पहिलो महिला अटो चालक पनी उनि नै हुन् । अटो चलाउँनु अघिसम्म उनि एउटा नीजि विद्यालयमा सहयोगिको रुपमा काम गर्थिन । श्रीमानले साथ,सहयोग नगरेकै कारण उनी अटो चलाउँन तिर लागिन। उनको २ छोरी र १ छोरा पनि छ । दुई छोरी र १ छोराको पालनपोषण, शिक्षाका लागि खर्च अहिले अटो चलाएर देबिका जुटाउँछिन्। बिहान देखि बेलुकासम्म अटो चलाउँदा देबिका दैनिक २ हजार देखि २५ सय सम्म कमाउँछिन् । देबिकाले उदयपुर गाईघाटमा अटो चलाउँन सुरुगरेसछि उनी जस्तै अटो चलाउने महिलाको सङ्ख्या गाईघाटमा ५ पुगेको छ । गाईघाटमा अटोको सङख्या दैनिक बढेको बढेकै छ। देबिकालाई अटो चलाउन भने उनको भाईले दुई दिन लगाएर सिकाएका हुन् ।

अटो पनि देबिकालाई उनकै भाईले ऋणमा दिएका हुन् । अटो चलाउने पुरुषको दबदबा गाईघाटमा छ । यस्तै भिडमा देबिकाले अटो चलाएर आफ्नो दैनिकि सहज बनाएकी छिन् ।

सहयोगी मनका समाजसेवी युवा बिकास

❖ उत्तिम चन्द्र चौधरी

गाईघाट, साउन १४ उदयपुर जिल्लाको त्रियुगा नगपालिका वडा नं. १३ असारी निवासि बुबा थुम प्रसाद कटेल (शर्मा) को नाति रुतेज प्रसाद शर्माको छोरा वर्ष ३३ को विकास कटेललाई उदयपुरको सहयोगी युवा ब्यावशायी भनेर चिनिन थालेको छ ।

त्रियुगा नगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने हवाई फिल्ड (तरकारी बजार), असारी, दनवारी, लक्ष्मिपुर, पोर्ताहा, ढिक टोल (ज्योति टोल), स्कुल टोल, भातिखर्क, बहेडवामा चर्चित लोकप्रिय नाम हो विकास कटेल । सामान्य जिवन शैलि, ईमान्दार, मिजासिलो, मिलनसार, खुल्ला आकाश झैं हृदय भएको एक मात्र युवा हो विकास कटेल । गरिब, असहायहरुको सारथीको रुपमा चर्चित नाम हो विकास कटेल। बिकास गरिब असहायहरुको सारथीको रुपमा नेपालमा मात्र होईन संसार भरि चर्चित हुदैछन । त्यसरी नै विकास कटेलको समाज सेवा प्रतिको लगावको कारण त्रियुगा नगरपालिकामा मात्र होईन उदयपुर जिल्लामा नै समाज सेविको रुपमा चर्चा चल्न थालेको छ। उनि समाजमा रहेको गरिव, असाहयहरुको सेवामा समर्पित रहेको कुरा साना साना बालबालिका देखि युवा, वृद्ध वृद्धाहरुले प्रसंशा गरेको सुन्न पाईन्छ।

२०७७ -७८ मा कोभिड१९ को महामारीको कारण विश्व नै भयावह अवस्थामा रहेको बेला विकास कटेलले आफ्नो व्यक्तिगत लगानिमा त्रियुगा नगरपालिका भित्र रहेको ८७ घरधुरीलाई अति आवश्यक खाधान्न वितरण गरेर भोक भौकै रहेको जनताहरुलाई राहत वितरण गरे। नेपाल सरकारले समेत गर्न नसकेको काम गरेको उनले गरेका थिए । त्यति मात्र होईन त्रि .न.पा. १३, निवासी डम्बर बहादुर मगर वाईक दुर्घटनामा परि दुबै हात खुट्टा नचल्ने अवस्थामा रहेको बेला विकासले रु. १५ हजार सहयोगी गरी डम्वर बहादुर मगरको

- *बाँकी ३ पेजमा*

सगरमाथा डिपाटमेन्ट स्टोर
गाईघाट, उदयपुर
सबै घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउँमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर

SAGARMATHA

प्रोपाइटर - किरण चामलिङ राई

सम्पादकीय

पिपलचोक मर्मत गर ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट त्यसमा पनि त्रियुगा नगरपालिकाको गाईघाट बजारको केन्द्र मुटुमा रहेको लोकतान्त्रिक पिपलचोक। दिउँसोको समयमा शितल ताप्न बृद्धबृद्धाहरुको भिड नै लाग्छ पिपलचोकमा । तर पिपलचोक्को अबस्था भने नाजुक छ। लामो समय भयो पिपलचोक्को मर्मत सम्भार नभएको । गाईघाट बजारको भिडभाड हुने सबैभन्दा ब्यस्त ठाउँ हो लोकतान्त्रिक पिपलचोक ।

कुनै सभा सम्मेलन, शान्ति र्याली, दिपप्रज्वलन, कार्यक्रम, भेला यहि पिपलचोकमा हुने गर्दछ। उदयपुर जिल्लाका प्रमुख राजनीतिक दलका घटकहरु, भातृसंगठनहरु यहि पिपलचोकको चौतारालाई किचेर आफ्ना कार्यक्रमहरु गर्दछन्। उनीहरुले कार्यक्रम गरेको कुनै शुल्क तिर्नुपर्दैन । ति कार्यक्रम गर्नेहरुले किन नदेखेको यो पिपलचोकको मर्मत सम्भार गर्न ? अहिले पिपलको बोट बढेर ठुलो भएको छ । पिपलको हाँगाहरु बढेर बिजुलीको खुल्ला तारहरु छोईरहेका छन्। बर्षाको समय त्यसमा बिजुलीको खुल्ला तार र चिसो मौसम भएकाले बिजुली पिपलको बोट बाट प्रवाहा भई दुर्घटना हुने संभावना रहेको छ ।

गाईघाट बजारमा कसैले सोध्यो भने राम्रो के छ भन्दा पिपलकको बोट छ। तर पिपलको बोट भने भत्केर हेर्न लायक छैन । मर्मत सम्भारको लागि गर्ने हो भने स्थानीय टोल सुधार समिति, छेउछाउका घरवालाहरुले पनि सो पिपलचोक मर्मत सम्भार गर्न सक्छन् । यो पिपलचोक भनेको त्रियुगा नगरपालिकाको वडा नम्बर ११ को कार्यक्षेत्र भएकाले वडा कार्यालयले किन यो चौताराको मर्मत गर्न सकेन ? प्रश्न यहाँ उठेको छ। यो क्षेत्र वडा नम्बर ११ मात्र नभएर यहि त्रियुगा नगरपालिका पनि स्वयम साथमा छ। किन यो चौताराको मर्मत सम्भार हुन सकेको छैन ? वडा कार्यालय र नगरपालिकासँग बजेट नभएर त पक्कै होइन होला यो पिपलचोक्को मर्मत सम्भार हुन नसकेको ? कारण के हो त ? यो पिपलचोकको मर्मत सम्भार तुरुन्त हुनुपर्यो । बिधुत प्राधिकरण उदयपुर बितरण केन्द्रले यो पिपलको हाँगाहरु काटेर बिजुलीको खुल्ला तारहरुबाट बिजुली प्रवाहा भएर जोखिम हुन बाट बचाउनुपर्यो । ति बाहेक नगरपालिकाले यो पिपलचोक क्षेत्रमा बत्ति जडान गर्नुपर्यो ।

१, आलु	रु ४०
२, अदुवा	रु १६०
३, टमाटर	रु ६०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ८०
६, खुर्सानी	रु २००
७, मुला	रु ६०
८, पर्वल	रु १००
९, तितेकरेला	रु ६०
१०, भिन्डी	रु ८०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ५०
१४, कटहर	रु ४०
१५, काँका	रु ७०
१६, धनियाँ	रु ८०
१७, लोकल बोडी	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ७०
२२, निगुरो	रु २५
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

स्रोत: तरकारी बजार व्यवस्थापन समिति

सम्पादकीय नलेख्ने पत्रिकाहरु ।

❖ बुद्धि कुमार राई

उदयपुर जिल्लाबाट अहिले ६ वटा दैनिक पत्रिकाहरु प्रकाशन हुँदै आइरहेको छ । जिल्ला सदरमुकाम गाईघाटबाट ४ वटा दैनिक पत्रिका प्रकाशन हुँदै आइरहेको छ भने जिल्ला सदरमुकाम गाईघाट बाहिरबाट बेलका नगरपालिका रामपुरबाट एकता खबर दैनिक र चौदण्डिगढी नगरपालिका बेल्टारबाट गढी खबर दैनिक प्रकाशन हुँदै आइरहेको छ । सदरमुकाम गाईघाटबाट प्रकाशन हुने सबै भन्दा पुरानो र पहिलो मुलुकी खबर दैनिक हो ।

२०६३ साल बैशाख ७ गते बुधबारदेखि मुलुकी खबर दैनिक प्रकाशन हुँदै आईरहेको छ । त्यस्तै उदयपुर जिल्लाको दोस्रो दैनिक पत्रिका बरुवा टाइम्स दैनिक २०६७ साल भदौ १९ गतेबाट प्रकाशन हुँदै आईरहेको छ। त्रियुगा एक्सप्रेस दैनिक २०६९ र उदयपुर सिम्रिक २०७५ सालदेखि प्रकाशन हुँदै आएको छ। जिल्ला सदरमुकाम गाईघाट बाहिरबाट गढि खबर र एकता खबर दैनिक पछिल्लो समय प्रकाशन भएको दैनिक पत्रिका हुन । कटारीबाट भने अहिलेसम्म दैनिक पत्रिका प्रकाशन हुन सकिरहेको छैन। गाईघाटबाट प्रकाशन हुने दैनिक पत्रिकाहरु बरुवा टाइम्स दैनिक, त्रियुगा एक्सप्रेस दैनिक र उदयपुर सिम्रिक दैनिकमा लामो समयदेखि सम्पादकिय प्रकाशन नभयपछि मैले बरिष्ठ पत्रकार कौशल चेम्जोङलाई जिज्ञासा राखे ।

उनले भने दैलो बिनाको घर र सम्पादकिय बिनाको पत्रिकाको कुनै ठेगान हुन्न । सम्पादकिय बिनाको पत्रिका पर्चा जस्तो मात्र हो। पर्चाको लागि जे पनि जस्तोपनि छाप्ने ? सम्पादकिय बिनाको दैनिक पत्रिका भनेको त्यो सम्पादक क्षमताबिहिन हो। पत्रिका भनेको योउटा लक्ष्य, बिचार, उदेश्य सहितको योउटा सस्था हो । बिग्रदै गएको समाजलाई बाटो देखाउने खबरदारी गर्ने सस्था हो । त्यसमा सम्पादक बलियो हुनुपर्छ । सम्पादकले बिचार दिन सक्नु पर्छ। सम्पादकिय बिनाको पत्रिका पत्रिका नै होइन उनी भन्छन ।

बरुवा टाइम्स दैनिकका कागजी सम्पादक प्रदिप कुमार चौधरी हुन । प्रदिप काम गर्दैनन सबै काम कार्यकारी सम्पादक ईश्वर तामाङ गर्छन । तामाङ सम्पादकियको बारेमा भन्छन पछिल्लो समय सम्पादकिय नलेख्ने चलन भएकाले सम्पादकिय लेख्नुनै पर्छ भन्ने छैन । त्रियुगा एक्सप्रेस दैनिकका कागजि सम्पादक किरण ढुङ्गाना हुन। ढुङ्गाना आफू काम नगर्ने भएकाले उनले सबै काम देबराज राईलाई जिम्मा लगाएका छन । त्रियुगा एक्सप्रेस दैनिकमा पनि लामो समय सम्पादकिय पाठकले पढ्न पाएका छैनन। त्यस्तै अर्को उदयपुर सिम्रिक दैनिकका कागजी सम्पादक जगत बन्जारा हुन। उनि काम गर्दैनन ।

काम सम्पुर्ण सुखिलाल चौधरी गर्छन । यो पत्रिकाका पाठकले पनि सम्पादकिय पढ्न पाएका छैनन। सम्पादकिय भनेको घरको ढोका जस्तै हो । जुन घर पस्नु अघि ढोका बाटनै पसिन्छ र निस्किन्छ । यदि ढोका भएन भने त्यस घरको ठेगान, सुरक्षा हुन्न । मुलुकी खबर दैनिक, गढी खबर दैनिक र एकता खबर दैनिकमा नियमित सम्पादकिय पाठकले पढ्न पाईरहेका छन्। पाठकले सबै भन्दा पहिले सम्पादकिय पढ्छन् । त्यसपछि मात्र समाचार पढ्छन। पत्रिका भनेको योउटा संस्था जुन संस्थालाई सबैले मानेको, सत्य, तथ्य, बिश्वसनिय हुने भएकाले नै पत्रिकाको सम्पादक छमतावान, अनुभबी हुन जरुरी छ ।

सम्पादकियले समाजको धैरै समस्याहरु हल गर्न सक्नु पर्दछ । लामो समय पत्रकारिता गरेर नेपाल पत्रकार महाङघको अध्यक्ष भइसकेका पुर्ब अध्यक्ष तथा हाल अनलाइन खबरका प्रधान सम्पादक शिब गाउँले कोइराला भन्छन अनलाइन खबरमा दैनिक सम्पादकिय लेख्न आबश्यक छैन। तर समय-समयमा सम्पादकिय लेख्नु पर्ने उनको राय छ। अर्को उकेरा अनलाइनका प्रधान सम्पादक केपि कृष्णप्रसाद ढुंगाना भन्छन सम्पादकियले समाजमा ठूलो भुमिका खेल्छ त्यसैले सम्पादकिय लेखिरहन जरुरि छ । खुलासा डटकमका सम्पादक हुन भरत खड्का ।

उनी नेपाल पत्रकार महासङघ उदयपुरका अध्यक्ष पनि हुन। सम्पादकियको बारेमा उनी भन्छन पत्रिकाका लागि सम्पादकिय अनिवार्य हो । त्यो सम्पादकिय लेखाईले पत्रिकाको गुणस्तरता मापन गर्ने हो । सम्पादकिय खासगरी पत्रिकाको गहना हो । यसले पत्रिकाको आधिकारिक धारणा सार्वजनिक गर्ने हो । कुनै विषय बस्तुहरु ओझेलमा परे वा जिम्मेवार निकायले त्यस प्रति व्यवस्ता गर्यो भने सञ्चार माध्यमले खवरदारी गर्दै सम्बन्धित निकायमा ध्यानाकर्षण र त्यो कार्य गर्न प्रोत्साहन गर्ने हो । यो स्वतन्त्र र निष्पक्ष हुन्छ। बेलका नगरपालिका उदयपुर रामपुरबाट प्रकाशन हुने एकता खबर दैनिकका सम्पादक बिजय राउत हुन तर पुरै काम सुमन खतिवडा गर्छन ।

एकता खबर दैनिकले पनि दैनिक रुपमा सम्पादकिय लेख्छन । त्यस्तै चौदन्दीगढी नगरपालिका बेल्टारबाट प्रकाशन हुने गढी खबर दैनिकका सम्पादक भोटराज राई भए पनि काम राजेन्द्र कुमार राई गर्छन । गढी खबर दैनिकमा पनि दैनिक सम्पादकिय पाठकले पढ्न पाउँछन्। नेपाल पत्रकार महासङघ उदयपुरका पुर्ब अध्यक्ष महेश्वर चामलिङ राइले माझखर्क साप्ताहिक पत्रिकामा सम्पादकिय निरन्तर लेख्न थालेको १७ बर्ष भयो । उनी उदयपुरका पुराना र अनुभबी सम्पादक हुन । उनका सम्म्पादकियले धैरै राम्रो सकारात्मक काम गरेको छ ।

अहिले उनी माझखर्क डटकम अनलाइनका पनि प्रधान सम्पादक हुन। माझखर्क डटकममा पनि बेला बखत सम्पादकिय लेख्छन उनी । अर्को सम्पादकिय लेखनको लामो अनुभव लिएका प्रधान सम्पादक हुन भोटराज राई। उनी आबद्ध पुर्णपुष्टि साप्ताहिक र पुर्णपुष्टि डटकम अनलाइनका सम्पादक शान्ता राई हुन । भोटराज राई भने प्रधानसम्पादक हुन। उनले पनि पुर्णपुष्टि साप्ताहिकमा सम्पादकिय लेख्न थालेको १७ बर्ष बढी भयो। उनी पनि उदयपुर जिल्लाको पुरानो अनुभबी सम्पादक हुन ।

सुमन खतिवडा
कार्यकारी सम्पादक
एकता खबर दैनिक

देबराज राई
कार्यकारी सम्पादक
त्रियुगा एक्सप्रेस दैनिक

सुखीलाल चौधरी
कार्यकारी सम्पादक
उदयपुर सिम्रिक दैनिक

राजेन्द्र राई
कार्यकारी सम्पादक
गढी खबर दैनिक



बुद्धि कुमार राई
सम्पादक
मुलुकी खबर दैनिक

भोटराज राई
प्रधान सम्पादक
पुर्णपुष्टि साप्ताहिक
पुर्णपुष्टि डटकम अनलाईन

ईश्वर तामाङ
कार्यकारी सम्पादक
बरुवा टाईम्स दैनिक

केपी ढुङ्गाना
प्रधान सम्पादक
उकेरा डटकम अनलाईन

शिब गाउले कोईराला
प्रधान सम्पादक
अनलाईन खबर डटकम

महेश्वर चामलिङ राई
प्रधान सम्पादक
माझखर्क साप्ताहिक
माझखर्क डटकम अनलाईन

सहयोगी ......

उपचार गर्न सहयोग गरेको हो। बहेड्वा निवासि दुवै मृगौला पिडित प्रथम कुमार चौधरीलाई उपचारको लागि आर्थिक सहयोग गरेको कुरा मृगौला पिडितको भाउजु प्रभा कुमारी चौधरीले बताईन । असारी, दनवारीमा रहेको सिद्धेश्वर महादेव मन्दिरको पर्यटन प्रवदनको लागी आर्थिक सहयोग गरेको मन्दिर ब्यबस्थापन समितिका अध्यक्ष शम्भु कार्किले बताए ।

साँस्कृतिक कार्यक्रम, खेलकुदको विकासको लागि पनि सकेको सहयोग गर्ने गरेको कुरा असारी निवासी युवा नेता राजेन राई (राजेन्द्र) बताए । त्रियुगा नगरपालिका भित्र रहेको गरिब, दलित, असाहय, विपन्न वर्गको बालबालिकाहरु पहिचान गरि ० देखि १० कक्षासम्म अभिभावक सरह बनेर पढाउने योजना रहेको तर कोभिड१९ को कारण विधालय बन्द रहेकोले अहिले स्थगित रहेको बताए । बिधालय संचालनमा आउने वितिक्कै अभिभावक सरह बनेर बालबालिकाहरुलाई पढाउने उनको ईच्छा छ। विकासले गरेको कुरा लक्ष्मिपुर पोर्ताहा उच्च मावि व्यवस्थापन समिति त्रि.न.पा. १३ को अध्यक्ष समुन्द्रि प्रसाद चौधरी भन्छन । विकाससँगको भलाकुसारीमा सोधिएको प्रश्नको जवाफ यसरी दिन्छन। तपाई किन समाज सेवा गर्नु हुन्छ ? विकासको जवाफ मरेर लानु के छ र ? जिवन आज छ भोलि छैन। समाज सेवा गर्नु मेरो जिवनको लक्ष्य हो । अब म बाँचुन्जेल समाज सेवा खुलैर गर्ने हो बिकास भन्छन् ।



त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरुरी सूचना

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पूर्ण उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठकको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पूर्णमा जानकारीका लागि यो सूचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर

रोदुङ सेकुवा कर्नर एण्ड लज
त्रियुगा-११ गाईघाट उदयपुर
यहाँ
खाना, नास्ता
सेकुवा र चोइला
ड्रिंक्स पाउनुहुन्छ
रात्रि बासको पनि
राम्रो प्रबन्ध छ ।
सोझै सम्पर्क :- ९८०७७६४३४३

मुलुकी खबर दैनिक
www.Majhakhark.com

न्यु सप्तकोशी होटल एण्ड लज
त्रि न पा -११, सगरम टोल
यहाँ खान बस्नुको राम्रो प्रबन्ध साथै कोल्ड ड्रिंक्स पनि पाईन्छ ।

गाईघाट-काठमाडौं सुमो सेवा
प्रो. गणेश भट्टराई ९८४२८२४५७४ ९८१४७२४६२५
अभिषेक ९८१४७३६४२०
गाईघाट सम्पर्क ९८४२९१४४०२ ९८०५४५६७००
दैनिक सेवा
बाट पनि टिकट काटिनेछ ।
काठमाडौं बाट धुर्कोट सिन्धुली बर्दिबास लाहान गाईघाट मुर्कुची जोगीदह हडिया बेल्टार सिवाई रामपुर फत्तेपुर
साथै नेपाल भरी गाडी रिजर्भमा चाहिएमा सम्पर्क गर्नुहोला ।

गाईघाटे सेकुवा कर्नर...
सम्पर्क -
९८६२९३६९१०
९८१९७४५०६७
स्थान - गाईघाट टेम्पुचोक

नारायणी ग्यासको अधिकृत विक्रेता (डिलर),गाईघाट

यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

आज कनकाकाफको दुवै सेमिफाइनल

❖ बिबेक राई

गाईघाट, साउन १४

अमेरिकामा भइरहेको कनकाकाफ गोल्डकपको दुवै सेमिफाइनल आज हुँदैछ । कनकाकाफ गोल्डकपको १६ औं संस्करण तथा पुरानो कनकाकाफ च्याम्पियनसिपको समेत जोड्दा हुने आउने २६ औं संस्करणको कनकाकाफको पहिलो सेमिफाइनलमा पाहुना टोली कतार र आयोजक अमेरिका भिड्दैछन । जारी प्रतियोगितामा सहभागि १६ राष्ट्रमध्ये एक कतारले छनौट प्रक्रियामार्फत नभई पाहुनाको निम्तो पाएर खेल्नु आएको हो । कतारले २०१९ मा भएको गत संस्करणको एएफसी एसियन कप जितेको थियो ।

२०२२ मा हुने आउँदो विश्वकपको आयोजक भएकोले पनि कतारले कनकाकाफ गोल्डकपको लागि विशेष निम्तो पाएको हो । उत्तर अमेरिकी महादेशका राष्ट्रहरुले खेल्ने कनकाकाफ गोल्डकपमा एसियाली मुलुक कतारको पहिलो सहभागिता हो । पहिलो सहभागितामा नै कतार सेमिफाइनल अर्थात फाइनलभन्दा एकककदम अघिसम्मको यात्रा गर्न सफल भएको छ। यहाँसम्मको यात्राको कुरा गर्नुपर्दा कतारले समुह डी को आफ्नो पहिलो खेलमा पानामासँग ३-३ को बराबरी खेलेको थियो ।

दोस्रो खेलमा ग्रेनडालाई ४-० ले पराजित गरेपछि कतारको समुह चरण पार गर्ने सम्भावना बढेर आएको थियो तर पक्का भने भइहालेको थिएन । किनकि समुहमा लगालग दुई खेल जितेर होण्डुरसले एक खेलअगावै क्वाटरफाइनल पक्का गरिसकेको थियोभने एक अंक जोडेको पानामाको पनि गणितिय सम्भावना कायमै थियो । अन्तिम खेल कतारले हार्दा र उता पानामाले जित्दा दुवैको समान चार अंक हुनेथियो र गोलअन्तरको आधारमा कतार वा पानामा एकटोली मात्र अघि बढ्थ्यो ।

त्यसैले राम्रो गोलअन्तरको जीत निकाल्दा पानामाको शिर्ष आठ अर्थात क्वाटरफाइनल जाने सम्भावना कायमै थियो । नभन्दै समुहको अन्तिम खेलमा पानामा ग्रेनडालाई ३-१ ले हराउन सफल भयो । कतारलाई भने समुहको आफ्नो अन्तिम खेलमा सके जीत नसके बराबरीले पनि अघि बढाउन सक्थ्यो । तर होण्डुरसलाई २-० ले पराजित गरेपछि कतार समुहकै विजेता बन्दै अघि बढ्न सफल भयो । कतारको जीतले पानामाको जीतको कुनै अर्थ भएन र समुह चरणबाटै बाहिरियो । होण्डुरस समुह उपविजेता हुँदै अघि बढेपनि क्वाटरफाइनलभन्दा अघि बढ्न सकेन ।

कतार भने समुह चरण पार गरेर क्वाटरफाइनलमा इल साल्भाडोरलाई ३-२ ले हराउँदै सेमिफाइनलसम्म आइपुग्न सफल भयो । उसो त कतारलाई यहाँसम्म आइपुग्नुमा गोलरक्षक साद अब्दुलाह अल-शिब, मिडफिल्डर अब्दुलाजीज हातिम, फरवार्ड हसन अल-हेदस, अक्रम अफिफ र अलमोइज अलिजस्ता खेलाडीको भूमिका महत्वपूर्ण रह्यो । गत संस्करणको एएफसी एसियन कप जित्दा गोलरक्षक साद उत्कृष्ट गोलरक्षक चुनिएका थिए । त्यतिबेला प्रतियोगिताभर नौ गोल गरेर कतारलाई पहिलोपटक एसियन कपको उपाधि जिताएका फरवार्ड अलिले सर्वाधिक गोलकर्ता र उत्कृष्ट खेलाडीको पुरस्कार जितेका थिए । उनी अहिलेपनि टोलीमै छन् र जारी कनकाकाफमा अहिलेसम्म चार गोलले सर्वाधिक गोलकर्ताको सूचीमा सबैभन्दा अघि नै छन् । त्यसपछि जारी प्रतियोगितामा कतारका हातिमले तीन र अफिफले दुई गोल गरेका छन् । अझ १४५ क्याप जितिसकेका फरवार्ड हसन त वर्तमान टोलीमात्र नभएर कतारको लागि अहिलेसम्मकै सर्वाधिक खेल खेल्ने खेलाडी हुन् ।

यतिका सफल र योग्य खेलाडीसहित कतार उत्कृष्ट प्रदर्शन गर्दै सेमिफाइनलसम्म आइपुग्न सफल भएको छ। तरपनि कतारका प्रशिक्षक फेलिक्स साञ्चेजले अमेरिकाविरुद्धको सेमिफाइनल गाह्रो हुने बताएका छन् । उनले अमेरिका जारी प्रतियोगिता तथा त्यस क्षेत्रकै सबैभन्दा बलियो टोली भएपनि उच्च मनोबल लिएर जितको लागि खेल्ने बताएका छन् । अमेरिका र कतारको बिहान ५:१५ को सेमिफाइनल पछि शुक्रबार नै मेक्सिको र क्यानाडाले बिहान ७:४५ मा दोस्रो सेमिफाइनल खेल्नेछन् ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे** सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा

डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२

प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

त्रियुगा नगरपालिका गाईघाट उदयपुर

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना



सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।

तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट